"समृद्ध खाँदबारी नगर"

# खाँदवारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
खाँदवारी, सङ्खुवासभा

कोशी प्रदेश, नेपाल ।

## आ.व. २०८२।०८२ को लागि रुद्राक्ष र अलैँची निकासी कर सङ्कलनसम्बन्धी सिलबन्दी दरभाउपत्र पेस गर्ने आह्वानको सूचना ।

**(प्रथम पटक प्रकाशित मिति :- २०८२।०६।२४ गते)**

खाँदबारी नगरपालिका, नगर कार्यपालिकाको मिति २०८२।०६।०९ गतेको निर्णयानुसार यस नगरपालिकाको आन्तरिक आय सङ्कलन गर्न खाँदबारी नगरपालिकाको आर्थिक ऐन, २०८२ मा भएको व्यवस्था र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम दरभाउपत्र कागजातमा उल्लेखित शर्त अनुसार आर्थिक वर्ष २०८२।०८३ का लागि यस नगरपालिका क्षेत्राधिकार अन्तर्गतका रुद्राक्ष र अलैँची निकासी कर सङ्कलनसम्बन्धी तपसिलको ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकाले न्यूनतम ठेक्का अङ्कमा नघट्ने गरी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ । थप जानकारीका लागि खाँदबारी नगरपालिका कार्यालय, खाँदबारीको सूचना पाटी, वेबसाईटः- www.khandbarimun.gov.np मा हेर्न सकिनेछ र कार्यालय समय भित्र राजस्व उपशाखामा सम्पर्क गर्न सकिनेछ ।

**तपसिलः-**

| क्र.सं. | आय ठेक्का नं. | ठेक्काको विवरण | बढाबढका लागि न्यूनतम बार्षिक ठेक्का अङ्क रु. | दरभाउपत्र फाराम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | KMO-RC-01-2082/083 | रुद्राक्ष र अलैँची निकासी कर सङ्कलन | ५,००,०००।- (अक्षरेपीः- पाँच लाख मात्र) | १,०००।- (अक्षरेपीःएक हजार) मात्र | ठेक्का सम्झौता भएको मितिबाट दामासाहीले ठेक्का अङ्क कायम हुने । |

प्रमुख प्रशासकीय अधिकृत

पदम प्रसाद बजगाई
प्रमुख प्रशासकीय अधिकृत

**शर्तहरु :-**

१. स्थायी लेखा नम्वर, मूल्य अभिवृद्धि कर तथा यस कार्यालयमामा दर्ता भई नविकरण भएका फर्म, कम्पनी, संस्थाहरुले दरभाउपत्र साथ निवेदन, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी र रु. १,०००।–(अक्षरेपी एक हजार मात्र।) यस नगरपालिकाको राजस्व उपशाखामा बुझाएको नगदी रसिद संलग्न भएको हुनुपर्नेछ ।

२. दरभाउपत्र सूचना प्रकाशित भएको मितिले १५ औं दिनको ठिक ५:०० बजे भित्र खरिद गरिसक्नुपर्नेछ । सो दिन सार्वजनिक विदा परेमा सो पश्चात कार्यालय खुलेको पहिलो दिन खरिद गरी १६ औं दिनको १२:०० बजेभित्र पेस गरिसक्नुपर्नेछ र रितपूर्वक पेस भएका दरभाउपत्रहरु सोहि दिनको २:०० बजे दरभाउपत्र पेसकर्ताहरुको उपस्थितिमा खोलिनेछ । दरभाउपत्र पेसकर्ताहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन । दरभाउपत्र कुनै कारण जनाई वा नजनाई स्वीकृत वा अस्वीकृत गर्ने सर्वाधिकार नगरपालिका कार्यालयमा निहित हुनेछ ।

३. दरभाउपत्र दाखिला गर्न दरभाउपत्रदाताहरुले कबोल रकमको २.५% (दुई दशमलव पाँच प्रतिशत) ले हुन आउने धरौटी रकम नगदै वा चेक भए यस कार्यालयको नाममा खाँदबारी नगरपालिका स्थित राष्ट्रिय बाणिज्य बैङ्क लि., खाँदबारी शाखामा रहेको धरौटी खाता नम्बर २०८०१००३०३००००२ मा जम्मा गरी भौचर पेस गर्नु पर्नेछ वा नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त वाणिज्य बैंक तथा वित्तीय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको दरभाउपत्र पेस गर्ने अन्तिम मिति देखि १२० (एक सय विस) दिन मान्य अवधि भएको बैङ्क जमानत (बिडबण्ड ) धरौटी स्वरुप पेस गर्नु पर्नेछ ।

४. दरभाउपत्र जुन फर्मको नाममा खरिद गरिएको हो, सोही फर्मको नाममा दाखिला गर्नु पर्नेछ । कबोल रकम अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

५. दरभाउपत्र स्वीकृत भएको ७ (सात) दिनभित्र सम्वन्धित ठेक्का सम्झौता गरी सक्नुपर्नेछ । ठेक्का सम्झौता गर्दा कवोल अङ्क बराबरको नगद वा चेकबाट एकमुष्ट रकम बुझाउनुपर्नेछ । ठेक्का सम्झौता अवधिका सम्बन्धमा ठेक्का सम्झौता भएको मिति देखि २०८३ साल असाढ मसान्तसम्म कायम हुनेछ । सम्झौता अवधिभर ठेकेदारले ठेक्का तोड्न पाउने छैन, विचैमा ठेकेदारले सम्झौता तोडेमा निजबाट असुल हुन बाँकी रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

६. ठेक्का सञ्चालनको सिलसिलामा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहलाई प्रचलित ऐन, नियम अनुसार बुझाउनु पर्ने अन्य कर, दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयम्ले सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ । साथै कुनै कारणवस कर सङ्कलन गर्न बाधा परेको कारणबाट कुनै पनि छुट मिनाह दाबी गर्न नपाइने र सो छुट मिनाह दिन कार्यालय बाध्य हुने छैन।

७. ठेकेदारले रुद्राक्ष र अलैंची निकासी कर सङ्कलन गर्ने स्थानहरुमा रुद्राक्ष र अलैंची निकासी कर सङ्कलनको मूल्य सहितको सूची सर्वसाधारणले देख्ने गरी आफ्नै तर्फबाट अनिवार्य रुपमा राख्नु पर्नेछ । रुद्राक्ष र अलैंची निकासी कर सङ्कलन शुल्क खाँदबारी नगरपालिकाको आर्थिक ऐन, २०८२ ले तोकेको दररेट अनुसार व्यवसायिक कारोबार बापत मात्र शुल्क उठाउन पाईनेछ ।

८. रुद्राक्ष र अलैंची निकासी कर सङ्कलनसम्बन्धी रसिदहरु ठेकेदार आफैले छपाई उक्त रसिदहरु कार्यालयले तोकेको कर्मचारीबाट प्रमाणित गराई कार्यालयमा अभिलेख राखी मात्र प्रयोग गर्नु पर्नेछ । प्रमाणित नगरेको रसिदबाट कर उठाईएको पाईएमा प्रचलित कानूनबमोजिम कारवाही हुनेछ ।

९. रुद्राक्ष र अलैंची निकासी कर सङ्कलन बापत प्रयोग भएका रसिदहरु प्रत्येक चौमासिक अवधिमा कार्यालयमा अनिवार्य रुपमा दाखिला गर्नुपर्नेछ ।

१०. माथि उल्लेखित शर्तहरु बाहेक अन्यका हकमा सार्वजनिक खरिद ऐन, २०६३, नियमावली, २०६४ र नेपालको प्रचलित कानून बमोजिम हुनेछ ।

११. यो दरभाउपत्र खाँदबारी नगरपालिकाको राजश्व उपशाखाबाट खरिद गर्न सकिनेछ ।

१२. मुखदार, गोटा गन्तिमा विक्री हुन बाहेक परिमाण (Quantity) मा विक्रीहुने मात्र रुद्राक्षको निकासीमा मात्र कर सङ्कलन गर्न सकिनेछ ।

१३. रुद्राक्ष र अलैंची निकासी कर सङ्कलन शुल्क खाँदबारी नगरपालिकाको आर्थिक ऐन, २०८२ ले तोकेको दररेट यस प्रकार रहेको छ ।

**रुद्राक्ष र अलैंची निकासी कर सङ्कलन शुल्क उठाउन पाईने शिर्षक र दररेट**

| सि.नं. | रुद्राक्ष र अलैंची निकासी कर सङ्कलन शुल्क उठाउन पाईने शिर्षक र दररेट | परिमाण/इकाई | रु. |
|---|---|---|---|
| १ | रुद्राक्ष | प्रति के.जि. | १.०० |
| २ | अलैंची | प्रति के.जि. | ५.०० |

पदम प्रसाद बजगाई
प्रमुख प्रशासकीय अधिकृत

पदम प्रसाद बजगाई
प्रमुख प्रशासकीय अधिकृत